आम्दा नेपाल
सिद्धार्थ बाल तथा महिला अस्पताल
बुटवल
शिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना
(सूचना नं. 735/SCWH/ME/2081_82)
<u>(प्रथम पटक सूचना प्रकाशित मितिः२०८२/०३/०३)</u>

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान, बुटवलको प्रयोजनका लागी School Bus खरिद गर्नु पर्ने भएकोले सम्वन्धित निकायबाट ईजाजत प्राप्त ईच्छुक आपुर्तिकर्ता फर्म/कम्पनीहरुबाट यो सूचना (सूचना नं. 735/SCWH/ME/2081/82) प्रकाशित भएको मितिले १५ दिन भित्र आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

<u>शर्तहरु:</u>

१. ईच्छुक बोलपत्र/दरभाऊपत्र खरिद कर्ताले बोलपत्र/दरभाऊपत्र फारम खरिदका लागि रु.२०००।०० (अक्षेरुपी दुइ हजार रुपैया मात्र) फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनि नविकरण भएको ईजाजतपत्रको प्रतिलिपि, प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०८०/८१ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरि लिखित निबेदन दिई आम्दा नेपाल, केन्द्रिय कार्यालय, गोकर्णेश्वर ६, जोरपाटी, काठमाण्डौ र आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र/दरभाऊपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर फर्म/कम्पनीको नाम, ठेगाना, सम्पर्क टेलीफोन नम्बर स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ। शिलबन्दी खाममा आफुले आपूर्ति गर्न चाहेको वस्तुको नाम र सूचना नम्बर र समुह प्रष्टसंग लेखिएको हुनुपर्नेछ। शिलबन्दी बोलपत्र/दरभाऊपत्र फारामको प्राविधिक र आर्थिक प्रस्ताव तयार पारि छुट्टाछुट्टै खाममा बुझाउनु पर्नेछ। शिलबन्दी बोलपत्र/दरभाऊपत्र लाई लाहा छाप लगाई शिलबन्दी गरिएको हुनु पर्नेछ।

३. रितपूर्वकको शिलबन्दी बोलपत्र/दरभाऊपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् मिति २०८२/०३/१७ गते दिनको ४.०० बजे भित्र आम्दा नेपाल ,सि.बा.म. अस्पतालको कार्यालय दीपनगर बुटवलमा पेश गरिसक्नुपर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा पेश गरिसक्नु पर्नेछ।

४. बोलपत्र/दरभाऊपत्रको साथमा आफूले कबोल गरेको कुल रकमको २.५ प्रतिसतले हुन आउने रकम बराबरको कम्तिमा ३ महिना सम्मका लागि मान्य हुने आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको नाममा मान्यता प्राप्त वाणिज्य(Commercial) बैंकद्वारा जारि भएको बिडवण्ड (बैंक ग्यारेन्टी) संलग्न हुनुपर्ने छ। तोकिए बमोजिमको बिडवण्ड समाबेश नगरी बोलपत्र/दरभाऊपत्र पेश गरेमा सम्बन्धित फर्म/कम्पनीलाई कालो सुचिमा राख्न सकिनेछ। बोलपत्र/दरभाऊपत्रदाता (आपूर्तिकर्ता) छनौट भई सूचना जारि भएको मितिले ७ दिन भित्र भ्याट समेत जम्मा स्वीकृत रकमको ५ प्रतिसतका दरले हुन आउने रकम बराबरको एक बर्ष सम्मका लागि मान्य हुने आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको नाममा जारि भएको परफरमेन्स वण्ड (बैंक ग्यारेण्टी) सहित सि.बा.म. अस्पतालसँग सम्झौता गरिसक्नु पर्नेछ, अन्यथा बिडवण्ड जफत हुनेछ।

५. बोलपत्र/दरभाऊपत्र फारम भर्दा जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सहीछाप गर्नु पर्नेछ। बोलपत्र/दरभाऊपत्रको प्रत्येक पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनुपर्नेछ। त्यसो नभएको पाईएमा बोलपत्र फारम रद्ध गर्न सकिनेछ। नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने भ्याट बाहेक सबै प्रकारका करहरू र स्थानीय स्तरमा तिर्नुपर्ने अन्य सबै प्रकारका कर तथा शुल्कहरुको दररेटमा समावेश भएको मानिनेछ। बोलपत्रदाताले तोकिएको वस्तु तथा सेवाको आपूर्ति, मर्मत गर्नुपर्ने स्थान, अवधि, शर्तहरु आदिको पूर्ण विवरण बुझी जानी दररेट भरेको मानिनेछ। आवश्यक परेमा आम्दा नेपाल, सि. बा. म. अस्पतालले बोलपत्र/दरभाऊपत्रदाताले पेश गरेको वस्तु/सेवाको गुणस्तर परिक्षण गर्न सक्नेछ। तोकिए बमोजिमको गुणस्तरीय उपकरण आपूर्ति गर्न नसकेमा समेत परफरमेन्स वण्ड (बैंक ग्यारेण्टी) जफत गरि उक्त वस्तु फिर्ता गरिनेछ।

६. शिलबन्दी बोलपत्र/दरभाऊपत्र पेश गर्दा प्राविधिक बोलपत्र/दरभाऊपत्र संलग्न रहने शिलबन्दी खामका साथमा निबेदन, अध्यावधिक कम्पनि/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, आ.ब. २०८०/८१ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि, सि.बा.म. अस्पताल बुटवलको नाममा जारि भएको कम्तिमा ३ महिनासम्म मान्य बैंकबाट जारि बिडवण्ड (बैंक ग्यारेन्टी), स्वघोषणा पत्र, सूचना र शर्तहरु स्वीकार गरिएको पत्र वा सहि छाप, प्रत्येक पानामा सहि छाप र अन्य विवरणहरुमा कम्पनीको तर्फबाट दस्तखत गर्ने प्रतिनिधिको अख्तियारि पत्र, कम्पनि/फर्मको सम्क्षिप्त परिचय तथा कार्यानुभवको प्रतिलिपि, कम्पनि/उत्पादकले दिएको वस्तु/सेवा खरिद/बिक्रि सम्बन्धी आधिकारिकताको प्रमाण पत्रको प्रतिलिपि, उपकरण हरुको पूर्ण विवरण सहितको क्याटलग, गुणस्तर प्रमाणित प्रमाण-पत्र आदि संलग्न गर्नुपर्नेछ।

७. बोलपत्र/दरभाऊपत्रमा संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपाल, सि.बा.म. अस्पतालले संशोधन गर्न सक्नेछ। अन्य शर्त तथा कार्य विवरण बोलपत्र/दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

८. प्राविधिक शिलबन्दी बोलपत्र/दरभाऊपत्रहरु मिति २०८२/०३/१८ गते दिउसो ११ बजे बोलपत्र/दरभाऊपत्रदाताहरु वा निजका प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा नेपाल सि.बा.म.अस्पतालको कार्यालय बुटवलमा खोलिनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन सोहि समय र स्थानमा खोलिनेछ। बोलपत्र/दरभाऊपत्रदाता वा प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाऊपत्र खोल्न बाधा पुग्ने छैन।

९. रितपूर्वक प्राप्त नभएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । प्रशतावक आपूर्तिकर्ताले दरभाउ/बोलपत्रमा उल्लेख गर्नुपर्ने वा भर्नुपर्ने सम्पूर्ण जानकारी/विवरणहरु पूर्णरुपमा भरेको हुनुपर्ने छ । विवरणहरु नभरेको पाईएमा उक्त बोलपत्रलाई छनौट प्रक्रियाबाट हटाउन/अलग गर्न सकिनेछ ।

१०. छनौट भएको बोलपत्र/दरभाउपत्रदाता अर्थात् आपूर्तिकर्ता र आम्दा नेपाल, सि. बा. म. अस्पताल बिच सझौता संम्पन्न हुना साथ सि. बा. म. अस्पतालले खरिद आदेश जारि गर्न सक्नेछ । सि.बा.म. अस्पतालले जारि गरेको खरिद आदेश बमोजिम तोकिएको स्थानमा तोकिएको समय सिमा भित्र तोकिए बमोजिमका सम्पूर्ण बस्तु, सेवा तथा सरसामानहरु आपुर्तिकर्ताले पूर्णरुपमा बुझाउन तथा जडान गर्नु पर्नेछ । पूर्णरुपमा बुझाउन तथा जडान गर्न नसकेमा परफरमेन्स वण्ड जफत गर्न सकनेछ वा आम्दा नेपालले निर्धारण गर्ने जरिवाना बैक ग्यारेण्टीबाट असुल उपर गरिनेछ ।

११. आम्दा नेपाल, सि.बा.म. अस्पतालले तोकेको समयभित्र बस्तु, सेवा वा सरसामानहरु आपूर्ति गर्न नसकेमा अस्पतालले अन्य पक्षसँग उक्त बस्तु, सेवा वा सरसामानहरु खरिद गर्न सक्नेछ । अस्पतालले अन्य आपूर्तिकर्ताबाट खरिद गरेको बस्तु, सेवा वा सरसामानहरुको सम्पूर्ण मूल्यको जरिवाना वा बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) जफत गरि आपूर्तिकर्तासँग भएको सम्झौता भङ्ग गर्न सक्नेछ ।

१२. आम्दा नेपाल, सि. बा. म. अस्पताललाई आपूर्ति गर्ने वस्तु, सेवा वा सरसामानहरु उत्पादकले प्याकिंग गरि बजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त सरसामान स्वीकार गरिने छैन । आम्दा नेपाल, सि. बा. म. अस्पतालले आपूर्तिकर्ताबाट प्राप्त सरसामानहरुको परिक्षण प्रतिबेदन पास नगर्दासम्म सरसामानहरुको क्षति हुन पुगेमा सो को जिम्मेवारी आपुर्तिकर्ताले लिनु पर्नेछ ।

१३. आपुर्तिकर्ताले खरिद आदेश, दरभाऊ पत्र र सम्झौता पत्रमा तोके बमोजिमको विवरण अनुसारका वस्तु आपूर्ति नगरेको खण्डमा उक्त बस्तु, सेवा वा सरसामानहरु स्वीकार हुने छैन ।

१४. सम्झौता सम्पन्न गर्दा तोकिएको वस्तु, सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सवै प्रकारका सहयोगहरु, दरभाउपत्र/बोलपत्र साथ पेश गरे बमोजिम आपूर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ ।

१५. आम्दा नेपाल, सि. बा. म. अस्पतालले जारि गरेको खरिद आदेश बमोजिम सम्पूर्ण बस्तु, सेवा तथा सरसामानहरु तोकिएको स्थानमा बुझाई जडान गरिसके पश्चात समेत सोको परिक्षण पछी मात्र नेपाली मुद्रामा (A/c payee) चेक मार्फत भुक्तानी गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१६. बोलपत्र/दरभाउपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार पूर्णरुपमा आम्दा नेपाल, सि. बा. म. अस्पतालमा सुरक्षित् रहनेछ ।

बोलपत्र/दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।


<u>सम्पर्क राख्ने ठेगाना</u>

कार्यालयको नाम: आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल

ठेगाना: बुटवल-७, दीपनगर, रुपन्देही ।

फोन नं. ०७१-५०२०९७, ५०२१०१

ईमेल ठेगाना: scwh.butwal@amda.org.np URL: www.amda.org.np


आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालको उपरोक्त सूचना बमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौ ।

संस्थापक वा आधिकारिक पदाधिकारीको नाम: ..........................................................................................................

हस्ताक्षर: ..................................................................................

मिति: ........................................................................................

फर्म/कम्पनीको छाप: